एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल नेपाल

# संयुक्त राष्ट्रसङ्घद्वारा प्रतिपादित मानवअधिकारको विश्वव्यापी घोषणापत्र

# मानवअधिकारको विश्वव्यापी घोषणा

## प्रस्तावना

मानव परिवारका सबै सदस्यमा अन्तर्निहित प्रतिष्ठा र समान तथा अहरणीय अधिकारको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधार भएकाले,

मानवअधिकारप्रतिको अवहेलना तथा अनादरको परिणामबाट नै मानवजातिको आस्थामा चोट पुग्ने बर्बरतापूर्ण काम भएकाले र मानवजातिले वाक् तथा आस्थाको स्वतन्त्रताको उपभोग गर्न पाउने तथा भय र अभावबाट मुक्ति पाउने विश्वको सिर्जना नै सर्वसाधारण नागरिकहरूको घोषित सर्वोच्च आकाङ्क्षा भएकाले,

अत्याचार र दमनका विरुद्ध अरू उपाय नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय ठान्न मानिसहरू बाध्य नहून् भन्ने हो भने मानवअधिकारहरू कानुनी शासनद्वारा संरक्षित हुनु अति आवश्यक भएकाले,

राष्ट्रहरूबीच मैत्रीसम्बन्धको विकासको प्रवर्धन गर्न आवश्यक भएकाले,

संयुक्त राष्ट्रसङ्घका जनताहरूले बडापत्रमा मौलिक मानवअधिकार, व्यक्तिको मान तथा प्रतिष्ठा, महिला र

पुरुषहरूको समान अधिकारहरूप्रति निष्ठा पुनर्निश्चित गरेको र बृहत्तर स्वतन्त्रतामा सामाजिक उन्नति र उत्तम जीवनस्तरको प्रवर्धन गर्ने अठोट गरेकाले,

संयुक्त राष्ट्रसङ्घको सरसहयोगमा सदस्य राष्ट्रहरूले आपसमा मानवअधिकार र मौलिक स्वतन्त्रताको विश्वव्यापी सम्मान अभिवृद्धि गर्ने एवं पालना गर्ने प्रतिज्ञा गरेकाले,

पूर्ण रूपमा यो प्रतिज्ञा पूरा गर्न यी अधिकार र स्वतन्त्रताहरूको साझा बुझाइ हुनु अत्यन्त महत्त्वको कुरा भएकाले,


अब उप्रान्त महासभाले यस मानवअधिकारको विश्वव्यापी घोषणा गर्दछ ।

यो महासभा,

प्रत्येक व्यक्ति र समाजको अङ्गले यस घोषणापत्रलाई निरन्तर मनमा राखी शिक्षा र शिक्षणका माध्यमबाट यी अधिकार र स्वतन्त्रताको सम्मान बढाउनका लागि प्रयत्न गरून् भनी राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रगतिशील माध्यमबाट सदस्य राष्ट्र र तिनीहरूको प्रादेशिक क्षेत्रका नागरिकहरूबीच ती अधिकार र स्वतन्त्रताहरूको विश्वव्यापी मान्यता र पालना सुरक्षित पार्न मानवअधिकारको यो विश्वव्यापी घोषणालाई सबै व्यक्ति र राष्ट्रको उपलब्धिको साझा मापदण्डका रूपमा उद्घोष गर्दछ ।

# धारा १ :

सबै व्यक्ति जन्मजात स्वतन्त्र हुन्छन् र ती सबैको समान प्रतिष्ठा र अधिकार हुन्छ। सबै व्यक्तिहरू विवेक, शक्ति र सद्विचारले युक्त भएकाले एकले अर्कालाई भ्रातृत्वको भावनाले व्यवहार गर्नुपर्छ।



# धारा २ :

प्रत्येक व्यक्तिलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अरू विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति वा अरू कुनै हैसियतको भेदभाव नराखी यस घोषणामा उल्लिखित अधिकार र स्वतन्त्रताको हक प्राप्त हुनेछ । यसका अतिरिक्त कुनै देश चाहे स्वतन्त्र होस् वा संरक्षित, स्वशासनरहित वा परिमित प्रभुसत्ता भएको होस् त्यहाँका नागरिकहरूलाई राजनीतिक, क्षेत्रीय वा अन्तर्राष्ट्रिय हैसियतका आधारमा कुनै भेदभाव गरिनेछैन ।



# धारा ३ :

हरेक व्यक्तिलाई जीवन, स्वतन्त्रता र व्यक्तित सुरक्षाको अधिकार छ ।



# धारा ४ :

कसैलाई पनि बाँधा वा दास बनाई राखिनेछैन । दासत्व र दासदासीको व्यापारका सबै स्वरूपलाई निषेध गरिएको छ ।



# धारा ५ :

कसैलाई पनि यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिनेछैन ।




# धारा ६ :

प्रत्येक व्यक्तिलाई कानुनका दृष्टिमा जहाँसुकै पनि व्यक्तिको रूपमा मान्यता पाउने अधिकार छ ।



# धारा ७ :

कानुनको दृष्टिमा सबै व्यक्तिहरू समान छन् र कुनै भेदभावबिना कानुनको समान संरक्षणको हकदार हुनेछन् । यस घोषणाको उल्लङ्घन हुने गरी गरिएको भेदभाव वा त्यस्तो भेदभाव गर्न गरिएको उक्साहटविरुद्ध सबैजनालाई समान संरक्षणको अधिकार छ ।



# धारा ८ :

प्रत्येक व्यक्तिलाई संविधान वा कानुनद्वारा प्रदत्त मौलिक अधिकारहरूको उल्लङ्घनका कार्यहरूविरुद्ध सक्षम राष्ट्रिय न्यायाधिकरणबाट प्रभावकारी उपचार पाउने अधिकार छ ।




## धारा ९ :

कसैलाई पनि स्वेच्छाचारी तवरले गिरफ्तार, थुनछेक वा देशनिकाला गरिनेछैन ।



## धारा १० :

प्रत्येक व्यक्तिलाई उसका अधिकार र दायित्व निरूपण गर्ने र निजउपर लगाइएको कुनै फौजदारी अभियोगको स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट पूर्ण समानताका आधारमा निष्पक्ष र खुला सुनुवाइको हक रहनेछ ।



# धारा ११ :

१. दण्डनीय कसुरको आरोप लागेको प्रत्येक व्यक्तिलाई उसको बचाउको सबै आवश्यक प्रत्याभूतिहरू भएको खुला अदालतले कानुनअनुसार पुर्पक्षबाट दोषी प्रमाणित नठहराउन्जेल निर्दोष मानिने अधिकार छ ।

२. कुनै पनि व्यक्तिलाई उसले गरेको वा नगरेको कुनै काम उक्त समयमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनले सो कार्य वा अकार्यलाई दण्डनीय कसुर मान्दैन भने त्यसका लागि निजलाई दण्डनीय कसुरको दोषी ठहऱ्याइने छैन, न त कुनै पनि व्यक्तिलाई दण्डनीय कसुर गर्दाका समयमा कायम रहेको भन्दा बढी सजायको भागिदार नै बनाउन सकिनेछ ।



# धारा १२ :


कसैको पनि गोपनीयता, परिवार, घर वा पत्र व्यवहारमा स्वेच्छाचारी तवरले हस्तक्षेप गरिनेछैन, न त उसको सम्मान र प्रतिष्ठामाथि नै आघात पुऱ्याइनेछ । प्रत्येक व्यक्तिलाई यस्तो हस्तक्षेप वा आघातविरुद्ध कानुनी संरक्षणको अधिकार छ ।



# धारा १३ :

१. प्रत्येक व्यक्तिलाई आफ्नो राज्यको सिमानाभित्र स्वतन्त्रतापूर्वक आवतजावत गर्ने र बसोबास गर्ने स्वतन्त्रताको अधिकार छ ।

२. प्रत्येक व्यक्तिलाई आफ्नो देश वा अरू कुनै पनि मुलुक छोड्ने र आफ्नै देशमा फर्की आउने अधिकार छ ।



## धारा १४ :

१. प्रत्येक व्यक्तिलाई उत्पीडनको बचाउमा अरू मुलुकमा शरण खोज्ने र शरण लिन पाउने अधिकार छ ।

२. गैरराजनीतिक अपराधबाट उठेको वास्तविक अभियोगहरूमा वा संयुक्त राष्ट्रसङ्घका उद्देश्य र सिद्धान्तको प्रतिकूल हुने कार्यहरूमा यो अधिकार दावी गर्न सकिनेछैन ।



## धारा १५ :

१. प्रत्येक व्यक्तिलाई राष्ट्रियताको अधिकार छ ।

२. कुनै पनि व्यक्तिलाई स्वेच्छाचारी ढङ्गले उसको राष्ट्रियताबाट वञ्चित गरिनेछैन, न त उसलाई राष्ट्रियता परिवर्तन गर्ने उसको अधिकारबाट नै वञ्चित गरिनेछ ।



# धारा १६ :

१. जाति, राष्ट्रियता वा धर्मको सीमाबन्दी नराखीकन वयस्क स्त्री र पुरुषलाई आपसमा विवाह गर्ने र परिवार बसाउने अधिकार छ। उनीहरूलाई विवाह, वैवाहिक जीवन र सम्बन्ध विच्छेदको विषयमा समान हक रहनेछ।

२. दम्पत्ति बन्ने चाहनामा रहेका स्त्री र पुरुषको पूर्ण र स्वतन्त्र सहमतिबाट मात्र विवाह हुनेछ।

३. परिवार समाजको स्वाभाविक र आधारभूत सामूहिक एकाइ हो र समाज तथा राज्यबाट संरक्षण पाउने यसको अधिकार छ।



# धारा १७ :

१. प्रत्येक व्यक्तिलाई एक्लै वा अरूसँग मिलेर सम्पत्तिको स्वामित्व लिने अधिकार छ ।

२. कसैलाई पनि उसको सम्पत्तिबाट मनोमानी ढङ्गले वञ्चित गरिनेछैन ।




# धारा १८ :

प्रत्येक व्यक्तिलाई विचार, आस्था र धार्मिक स्वतन्त्रताको अधिकार छ । यस अधिकारमा धर्म वा आस्था बदल्ने स्वतन्त्रता र सार्वजनिक वा व्यक्तिगत रूपमा एक्लै वा समूहमा आफ्नो धर्म वा आस्थालाई शिक्षण, आचरण, पूजा र पालनाद्वारा प्रकट गर्ने स्वतन्त्रतासमेत समावेश छ ।



# धारा १९ :


प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ। यस अधिकारमा कुनै हस्तक्षेपबिना आफ्ना मतहरू अभिव्यक्त गर्ने र कुनै पनि अवरोध एवं सीमाहरूबिना सञ्चार माध्यमद्वारा सूचना प्राप्त गर्ने, तिनको खोजी गर्ने र प्रसार गर्ने अधिकार समावेश छ।



## धारा २० :

१. प्रत्येक व्यक्तिलाई शान्तिपूर्ण तवरले भेला हुने र सङ्गठन गर्ने स्वतन्त्रताको अधिकार छ ।

२. कसैलाई पनि कुनै सङ्घसंस्थासँग आबद्ध हुन बाध्य गर्न सकिनेछैन ।



## धारा २१ :

१. प्रत्यक्ष वा स्वतन्त्र रूपले चुनिएका प्रतिनिधिमार्फत आफ्नो मुलुकको शासनमा सहभागी हुन प्रत्येक व्यक्तिलाई अधिकार छ ।


२. प्रत्येक व्यक्तिलाई उसको मुलुकको सार्वजनिक सेवामा समान पहुँचको अधिकार छ ।

३. सरकारको शासनको आधिकारिकताको आधार जनताको इच्छा हुनेछ । यस्तो इच्छा आम तथा समान मताधिकारद्वारा समयसमयमा गरिने निष्पक्ष र प्रत्यक्ष निर्वाचनमार्फत व्यक्त हुनेछ । त्यस्तो निर्वाचन गोप्य मतदान वा त्यस्तै प्रकारको स्वतन्त्र मतदान प्रणालीद्वारा गरिनेछ ।



## धारा २२ :

समाजको सदस्यको हैसियतले प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको अधिकार छ र प्रत्येक व्यक्तिलाई राष्ट्रको राष्ट्रिय प्रयत्न वा अन्तर्राष्ट्रिय सरसहयोगमार्फत तथा स्रोत र साधनअनुसार उसको प्रतिष्ठा र स्वतन्त्र व्यक्तित्व विकासका निमित्त अपरिहार्य आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू उपभोग गर्ने अधिकार छ ।




## धारा २३ :

१. प्रत्येक व्यक्तिलाई काम गर्ने, स्वेच्छाले रोजगारी रोज्ने र काम गर्नका लागि उचित एवं अनुकूल परिस्थितिको सृजना र बेरोजगारीबाट संरक्षण पाउने अधिकार छ ।

२. प्रत्येक व्यक्तिलाई बिनाभेदभाव समान कार्यका लागि समान पारिश्रमिक पाउने अधिकार छ ।

३. काम गर्ने प्रत्येक व्यक्ति र निजको परिवारका लागि मानवीय प्रतिष्ठाअनुरूप जीविकाको बन्दोबस्तका लागि उचित र अनुकूल पारिश्रमिक पाउने र आवश्यक भए सामाजिक संरक्षणद्वारा त्यसमा भरथेगको अधिकार हुनेछ ।

४. प्रत्येक व्यक्तिलाई उसको हित संरक्षणका निमित्त ट्रेड युनियन स्थापना गर्ने र त्यसमा सम्मिलित हुने अधिकार छ ।



# धारा २४ :

प्रत्येक व्यक्तिलाई मुनासिव कार्य, समयसीमा र वैतनिक आवधिक बिदालगायत विश्राम र फुर्सदको अधिकार छ ।



# धारा २५ :

१. प्रत्येक व्यक्तिलाई ऊ र उसका परिवारको स्वास्थ्य र कल्याणका लागि खानपिन, लत्ताकपडा, आवास तथा स्वास्थ्योपचारका सुविधाहरू र आवश्यकताअनुसारको सामाजिक सेवाहरूसहित स्तरयुक्त जीवनयापन गर्ने अधिकार छ। साथै बेरोजगारी, बिरामी, असमर्थता, विधवा/विधुर, वृद्धावस्था वा निजको नियन्त्रणबाहिरका अन्य परिस्थितमा साधन अभाव भएमा सुरक्षाको अधिकार छ।

२. मातृकाल वा बाल्यावस्थामा रहेका प्रत्येक व्यक्तिलाई विशेष हेरचाह र सहायता प्राप्त गर्ने अधिकार छ। वैवाहिक सम्बन्ध भई वा नभई जन्मेका सबै बालबालिकालाई समान सामाजिक संरक्षणको उपभोग गर्ने अधिकार हुनेछ।




## धारा २६ :

१. प्रत्येक व्यक्तिलाई शिक्षाको अधिकार छ । कमसेकम प्रारम्भिक र आधारभूत तहको शिक्षा निःशुल्क हुनेछ । प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ । प्राविधिक र व्यावसायिक शिक्षा सामान्यतया सर्वसुलभ हुनेछ र उच्च शिक्षा योग्यताका आधारमा सबैलाई समान रूपले उपलब्ध हुनेछ ।

२. शिक्षा मानव व्यक्तित्वको पूर्ण विकास र मानवअधिकार तथा मौलिक स्वतन्त्रताको सम्मानको सुदृढीकरणका लागि निर्दिष्ट हुनेछ । यसले सबै राष्ट्र, जातीय तथा धार्मिक समूहमा समझदारी, सहिष्णुता र मित्रताको प्रवर्धन गर्नेछ र संयुक्त राष्ट्रसङ्घको शान्ति कायम गर्ने प्रयत्नलाई अघि बढाउनेछ ।


३. आफ्ना सन्ततिलाई दिइने शिक्षा रोज्ने पहिलो अधिकार आमाबाबुलाई हुनेछ ।



# धारा २७ :


१. प्रत्येक व्यक्तिलाई समुदायको सांस्कृतिक जीवनमा स्वतन्त्रतापूर्वक भाग लिने, कलाको आनन्द लिने तथा वैज्ञानिक प्रगति र यसका लाभहरू उपभोग गर्ने अधिकार छ ।

२. प्रत्येक व्यक्तिलाई आफूले रचना वा सिर्जना गरेको कुनै वैज्ञानिक, साहित्यिक वा कलात्मक कृतिको परिणामबाट प्राप्त नैतिक तथा भौतिक लाभहरूको संरक्षण गर्ने अधिकार छ ।



# धारा २८ :

यस घोषणामा उल्लेख भएका अधिकार र स्वतन्त्रताहरू पूर्ण रूपले प्राप्त गर्नका लागि प्रत्येक व्यक्तिलाई सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकार छ ।



# धारा २९ :

१. प्रत्येक व्यक्तिको समाजप्रति कर्तव्यहरू छन् र त्यस्तो समाजमा बसेर मात्र उसको स्वतन्त्र र पूर्ण विकासको सम्भावना छ ।

२. आफ्नो अधिकार र स्वतन्त्रताको अभ्यास गर्दा प्रत्येक व्यक्तिले अरूको अधिकार र स्वतन्त्रताहरूको आदर र सम्मान गर्नुपर्नेछ र प्रजातान्त्रिक समाजको नैतिकता, सार्वजनिक सुव्यवस्था र सर्वसाधारणको कल्याणका लागि चाहिने उचित आवश्यकताहरू हासिल गर्ने उद्देश्यले कानुनद्वारा निर्धारित सीमाभित्र रहनुपर्नेछ ।

३. यी अधिकार र स्वतन्त्रताहरू संयुक्त राष्ट्रसङ्घको सिद्धान्त र उद्देश्यका विपरीत हुने गरी कुनै पनि हालतमा उपभोग गर्न सकिनेछैन ।



## धारा ३० :

कुनै राष्ट्र, वर्ग वा व्यक्तिले यस घोषणामा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरूलाई कुठाराघात गर्ने उद्देश्यले वा त्यस्तो किसिमको गतिविधिमा संलग्न हुन पाउने अर्थ लाग्ने गरी यस घोषणाको व्याख्या गर्न सक्नेछैनन् ।



## एम्नेस्टी इन्टरनेसनल

मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा अन्तर्राष्ट्रिय दस्तावेजहरूमा उल्लेख भएका सबै मानवअधिकारहरू हरेक मानवले उपभोग गर्न पाएको विश्वको निर्माण गर्ने परिदृश्य (Vision) का साथ कार्यरत छ । यो परिदृश्यलाई साकार पार्न मानवअधिकारको उल्लङ्घन तथा ज्यादतीको रोकथाम र अन्त्यका लागि अध्ययन-अनुसन्धान गरी अभियानहरू सञ्चालन गर्ने यसको प्रमुख उद्देश्य रहेको छ ।

- बेलायती वकिल पीटर बेनेन्सनद्वारा २८ मे १९६१ बाट सञ्चालित अभियान
- सन् १९७७ को नोबेल शान्ति पुरस्कार तथा सन् १९७८ को संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार पुरस्कारबाट विभूषित
- मानवअधिकारको लागि कार्य गर्ने निष्पक्ष र प्रजातान्त्रिक प्रक्रियाबाट सञ्चालित एक अन्तर्राष्ट्रिय गैरसरकारी अभियान
- साधारण व्यक्तिहरूबाट सञ्चालित असाधारण अभियान
- संसारभर १५० भन्दा बढी देश तथा भूभागमा ७० लाखभन्दा बढी सदस्य र सहयोगदाता आबद्ध

## एम्नेस्टी इन्टरनेसनल नेपाल

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको स्थापना सन् १९६९ मा नुतन थपलियाद्वारा भएको थियो र यसको पहिलो अध्यक्ष ऋषिकेश शाह हुनुहुन्थ्यो । एम्नेस्टी इन्टरनेसनल नेपालले संसारको कुनै पनि कुनामा हुने मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अभियानहरू सञ्चालन गरी आफ्ना सदस्यहरूलाई परिचालन गर्दछ । हाल एम्नेस्टी नेपालमा ६,५०० भन्दा बढी सदस्यहरू छन् जसमध्ये ३,६०० भन्दा बढी युवा सदस्यहरू छन् । यी सदस्यहरू ३७ जिल्लामा अवस्थित ७५ वटा समूह र ४७ वटा युथ नेटवर्कहरूमा आबद्ध छन् ।

## के तपाईं पनि एम्नेस्टी इन्टरनेसनल नेपालको सदस्य बन्न चाहनुहुन्छ ?

एम्नेस्टी इन्टरनेसनल नेपालले मानवअधिकार तथा एम्नेस्टी इन्टरनेसनलको आदर्शलाई सम्मान गर्ने व्यक्तिहरूलाई दुई वर्षे सदस्यता प्रदान गर्दछ। यदि तपाईं पनि एम्नेस्टी इन्टरनेसनल नेपालको सदस्य बन्न चाहनुहुन्छ भने तपसिलका तीन प्रकारको सदस्यतामध्ये कुनै एकको छनौट गरी सदस्यता फारम भरेर शुल्कसहित एम्नेस्टी नेपालको ठेगानामा पठाउन सक्नुहुनेछ।

**समर्थक सदस्य** : संस्थाको विधान र उद्देश्यहरूको पालना गर्दै संस्थाको अभियानमा सहयोग पुऱ्याउन चाहने तर निर्णय प्रक्रियामा मताधिकार नचाहने १६ वर्षदेखि माथिका जोसुकैले कुनै पनि भेदभावबिना रु. ५००/- शुल्क तिरी एम्नेस्टी नेपालको समर्थक सदस्यता प्राप्त गर्न सक्नेछ।

**समूहगत साधारण सदस्य** : एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध समूह तथा निर्माणाधीन समूहको कार्यसमितिको निर्णयबमोजिम रु. ५००/- शुल्क तिरी तोकिएको समूह तथा निर्माणाधीन समूह पदाधिकारीको सिफारिसमा सो समूह तथा निर्माणाधीन समूहमा आबद्ध भई सदस्यता प्राप्त गर्ने सदस्यलाई समूहगत साधारण सदस्य भनिन्छ। यस्ता सदस्यहरूलाई सम्बन्धित समूह र समूहमार्फत एम्नेस्टी इन्टरनेसनल नेपालको निर्णय प्रक्रियामा मताधिकार प्राप्त हुनेछ।

**युथ नेटवर्क सदस्य** : संस्थाको विधान र उद्देश्यहरूको पालना गर्ने तथा एम्नेस्टी इन्टरनेसनल नेपालको वार्षिक साधारणसभामा मताधिकार नचाहने १४ देखि २५ वर्षसम्मका व्यक्तिले रु. २००/- शुल्क तिरी युथ नेटवर्कको सदस्यता प्राप्त गर्न सक्नेछ।

प्रकाशक

एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखा
एम्नेस्टीमार्ग, वसन्तनगर, बालाजु
पो.ब.नं. १३५, काठमाडौं, नेपाल ।
फोन नं. ००९७७-१-४३६४७०६/४३६५४३१
फ्याक्स नं. ००९७७-१-४३५४९८७

info@amnestynepal.org
amnestynepal.org
amnesty.nepal
amnestynepal

मुद्रित मिति : कार्तिक २०७५ (अक्टुबर २०१८), संख्या : २५,००० प्रति